**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०८ संख्याः ०६ मितिः २०८२/१२/०२ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२

पारित भएको मितिः २०८२/११/२७

**पृष्ठभूमि :** मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा उल्लेखनीय बृद्धि हुँदै आएको छ । कृषकहरुलाई स्थानीय उत्पादन बृद्धिमा अझ बढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरीकाले बिक्रिवितरणको व्यवस्था मिलाउन बजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ। कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उ.(२) को व्यवस्थार भेरीगंगा नगरपालिका कृषि ब्यबसाय प्रबर्द्धन ऐन २०७५ को दफा ३ को कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाको२०८२।११।२७ कोबैठकले यो हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम "हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२" रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **निर्देशिका लागु हुने ठाँउ :** सरकारी तथा गैरसरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागीतामा भेरीगंगा नगरपालिका क्षेत्र भित्र स्थापना भई सन्चालन हुने सम्पूर्ण हाटबजारहरु लगायत सबै वडाका विभिन्न स्थानहरुमा स्थापना भई सन्चालित हाटबजार स्थलहरु ।

३. **परिभाषा :** बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्भ्कनुपर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्भ्कनुपर्छ ।

(ग) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्भ्कनुपर्दछ ।

(घ) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रवाट उत्पादित तेलहन, दलहन, मसला बाली, फलफूल, तरकारी तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तु तथा "पशु वस्तु" भन्नाले जिवीत पशुपंछी तथा पशुजन्य उत्पादन पदार्थलाई सम्भ्कनुपर्दछ ।

(ङ) "थोक कारोवार" भन्नाले पाँच किलो वा सो भन्दा बढी कृषि वस्तुको खरीद विक्रीको परिमाणलाई सम्भ्कनु पर्दछ ।

(च) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई सम्भ्कनुपर्छ ।

(छ) "निर्देशिका" भन्नाले हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२ सम्भ्कनुपर्छ ।

(ज) "प्रमुख" भन्नाले भेरीगंगा नगरपालिकाको नगर प्रमुख सम्भ्कनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भेरीगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भ्कनुपर्छ ।

(ञ) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्भ्कनु पर्दछ ।







(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्भ्कनुपर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ठ) "सम्झौता" भन्नाले स्थानीय सरकारको तर्फका प्रतिनिधि तथा सम्वन्धित बजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता बीच गरिएको सम्झौतापत्र सम्भ्कनुपर्दछ ।

(ड) "समिति" भन्नाले यस निर्देशिकाबमोजिम गठित हाटबजार संचालन तथा व्यबस्थापन समिति सम्भ्कनुपदर्छ ।

(ढ) "सेवा शुल्क" भन्नाले हाटबजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतको भाडा वा अन्य शुल्क सम्भ्कनुपर्दछ ।

(ण) "शाखा" भन्नाले नरपालिकाको कृषि विकास तथा पशुपंक्षी विकास शाखा सम्भ्कनुपर्छ ।

(त) "हाटबजार" भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा जस्ता ताजा वा नाशवान वस्तु, जिवीत पशुपंछी तथा पशुजन्य उत्पादन पदार्थ वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तुको खरीद विकि सम्वन्धी कृयाकलाप गर्न यस निर्देशिका वमोजिम संचालन गरिने स्थान सम्भ्कनुपदर्छ ।

परिच्छेद-२

**समितिको गठन, काम कर्तव्य र अधिकार**

**४. हाटबजार संचालक समितिको गठन :**

(१) हाटबजार संचालक समितिमा ९ सदस्य हुनेछन् । जुन सर्वसम्मत वा लोकतान्त्रिक निर्वाचन प्रणालीबाट निम्न बमोजिम छनौट हुनेछ :

(क) हाटबजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी मध्येबाट अध्यक्ष १ जना

(ख) हाटबजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषकहरुमध्येबाट सदस्य २ जना

(ग) हाटबजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषि उपज ब्यापारीहरु मध्येबाट सदस्य २ जना

(घ) सम्वन्धित वडाको वडा समितिवाट सदस्य १ जना

(ङ) सम्बन्धित स्थानीय तहको कृषि र पशु विकास शाखा प्रमुख सदस्य २ जना

(च) सम्वन्धित हाटबजार व्यवस्थापक सदस्य सचिव १ जना

तर कुनै संगठीत संस्था, समूह तथा सहकारी संस्थाद्वारा हाटबजार संचालन गर्न चाहेमा संचालक समितिमा परिच्छेद २ को दफा ४ को (१) क, ख, ग मा उक्त संस्थाको तर्फबाट संस्थाले क्षमतावान र कृयासिल ५ जना प्रतिनिधी छनौट गर्न सकिनेछ तर निजी संस्था, फर्म वा व्यक्ति मार्फत संचालन हुने हाटबजारको हकमा बजार संचालन गर्ने सम्पूर्ण जिम्मेवारी निज स्वयम्को हुनेछ ।

(२) उपदफा (१) को समितिको अध्यक्ष, कृषक प्रतिनिधी र ब्यापारी प्रतिनिधीको चयन सर्वसम्मति वा लोकतान्त्रिक प्रणालीबाट गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक (सदस्य सचिव) तथा कृषि/पशुसेवा शाखा प्रतिनिधि बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ ।

(४) सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

(५) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघ संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछन् ।

(६) एक पटक समिति बनिसकेपछि समितिका सदस्य संख्यामा थपघट गर्नुपर्ने अवस्थामा व्यवस्थापन समितिको सिफारीसका आधारमा नगरपालिकाले थपघट गर्नेछ ।

## ५. सदस्यहरुको योग्यता :

हाटबजार संचालक समितिको सदस्य हुनका लागि देहायबमोजिम योग्यता पुगेका ब्यक्ति हुनुपर्दछ ।

क) नेपाली नागरिक

ख) १८ बर्ष उमेर पुगेको

ग) बजार स्थलको कार्यक्षेत्र भित्र बसोवास गरेको

घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको

ङ) मगज नविग्रेको

छ) अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको ५ बर्ष पुरा भएको

ज) बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।







## ६. समितिको काम, कर्तव्य र अधिकार :

(१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि बजारको स्थापनाका लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मक रुपबाट संचालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालनाको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

(क) बजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुर्‍याउने ।

(ग) बजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा ब्यक्ति विशेषको निमित्त बजार सुविधा उपलब्ध गराउने ।

(ङ) बजारमा सुविधाहरु उपलव्ध गराएवापत लिनुपर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित ब्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

(च) बजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) बजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) बजार स्थलको मर्मत संभार तथा संरक्षण गर्ने ।

(झ) बजार संचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

## ७. समितिको बैठक र निर्णय:

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा बजार स्थलमा बस्नेछ । समितिको वैठक महिनामा एकपटक अनिवार्य रुपमा बस्नुपर्नेछ ।

(ख) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

**८. उप-समितिको गठन गर्न सक्ने :**

समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**९. समितिको कोषः**

समितिको एउटा छुटै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छः

(क) सेवा शुल्क वापत प्राप्त रकम

(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम र

(ग) नगरपालिका वा अन्य निकायवाट प्राप्त हुने अनुदान रकम ।

(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुनासाथै कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(३) विदेशी सरकार वा अन्तरर्राष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नुपर्नेछ ।

(५) समितिको कोषको संचालन समितिले तोकेबमोजिम हुनेछ ।

**१०. कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था :**

(१) कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येवाट अधिकांश रकम बजार स्थल नियमित रुपमा संचालन गर्न (कर्मचारी तलव, भत्ता, वैठक भत्ता, विजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा बजार स्थल निर्माण, सुधार, मर्मत, संभार कार्यको लागि समितिले खर्च गर्न सक्नेछ। बजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एकमुष्ट रुपले जग्गा उपलब्ध गराएवापत दिनुपर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्नेछ ।

(२) बजार स्थलमा प्राप्त हुने आयवाट निम्न अनुसार बचत र खर्च गर्ने व्यवस्था मिलाउनुपर्नेछ । बजारले कूल आयको ९० प्रतिशत रकम दैनिक बजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरेवापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न प्रयोग गर्ने साथै आवश्यक पर्दा संघीय, प्रदेश र स्थानीय सरकारबाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि बचाई राख्ने ।

**११. लेखा र लेखापरीक्षणः**

(१) समितिको आय व्ययको लेखा संचालक समितिले तोकेको ढाँचामा राखिनेछ ।

(२) समितिको लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट गरिनेछ ।

(३) नगरपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसाव किताव जाँच्न वा जचाउँन सक्नेछ ।

**१२. बजार व्यवस्थापकको नियुक्तिः**

(१) दैनिक प्रशासकीय एवं बजार संचालन, सूचना र तोकिएका अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्नेछ ।

(२) बजार व्यवस्थापकको सेवा, शर्त र सुविधा समितिले तोकेवमोजिम हुनेछ ।

**१३. बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**

बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) हाटबजार सन्चालन तथा व्यबस्थापन गर्ने ।

(ग) बजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) बजार विकाससंग सम्वन्धित विभिन्न निकायहरुसँग समन्वय राखी कार्य गर्ने ।

(ङ) समितिका निर्णयहरु कार्यान्वयन गर्ने साथै समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१४. समितिको कर्मचारीः** समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आंशिक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ ।


हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२
भेरीगंगा नगरपालिका, सुर्खेत

**१५. समितिको कार्यालयः** समितिको कार्यालय संभव भएसम्म बजार स्थल क्षेत्र भित्र रहनेछ ।

**१६. कारोवार गर्ने कृषि वस्तुमा थपघट :** तोकिएका बजार भित्र कारोवार गरीने कृषि वस्तुको कारोवारमा थपघट गर्नुपरेमा नगरपालिकाको सिफारीसमा समितिले थपघट गर्न सक्नेछ ।

**१७. अधिकार प्रत्यायोजन :** समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८. प्रतिवेदन पेश गर्नुपर्ने :** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको काम, बजारमा क्रयविक्रय भएका वस्तुको विद्यमान मूल्य, खरीद विक्री परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि तथा पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

**१९. बजारको स्वामित्व :** यो समिति गठन पश्चातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व भेरीगंगा नगरपालिकामा रहनेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी कसैसंग कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन ।

**२०. सम्झौता पत्रको व्यवस्था र मान्यता :** बजार संचालनका लागि समिति र भेरीगंगा नगरपालिकाको सम्वन्धित निकाय वीचमा अनुसूची १ अनुसार सम्झौता हुनेछ । उक्त सम्झौता पत्रमा सम्वन्धित पक्षको अधिकार र कर्तव्य समेत उल्लेख हुनेछ ।

परिच्छेद-३

## बजार संचालन प्रक्रिया

**२१. बजार संचालन गर्न सक्ने :**

(१) यस निर्देशिकाबमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनैपनी निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले नगरपालिका क्षेत्रभित्र हाटबजार संचालन गर्न सक्नेछ ।



हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२

**२२. इजाजत पत्र दर्ता तथा नविकरण :**

(१) बजार संचालन गर्न ईच्छुक संस्थाले नगरपालिका क्षेत्रभित्र हाटबजार संचालन गर्नको लागि कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता वा सुचीकृत गरेर मात्र संचालन गर्नुपर्नेछ ।

(२) स्वीकृतिका लागि संचालकले अनुसूची ६ बमोजिमका कागजात सहित नगरपालिकाको सम्बन्धित वडाको सिफारिसमा शाखामा निवेदन र संचालन प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावकले परिच्छेद ४ बमोजिम मापदण्ड तथा शर्तहरु पुरा गरेको देखिएमा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले हाटबजार संचालन स्वीकृति दिन सक्नेछ ।

(४) प्रत्येक बर्ष हाटबजार संचालक समितिले इजाजत पत्र नविकरण गर्नुपर्नेछ । नविकरण गर्दा समितिले अनुसूची ७ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहितको निवेदन शाखामा पेश गरी नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तथा कर बुझाउनुपर्नेछ ।

परिच्छेद ४

## बजार निर्माण मापदण्ड

**२३. संचालन स्थान र जग्गा :**

(१) बजार संचालन गर्न ईच्छुक संस्थाले न्यूनतम् १ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेछ । बजार संचालन गर्ने जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि वा कम्तीमा ३ बर्ष अवधिका लागि जग्गा भाडामा लिनेदिने सम्बन्धी करारनामा पत्र उपलब्ध गराउनुपर्नेछ ।

(२) एक हाटबजार देखि अर्को हाटबजारबीचको दुरी कम्तिमा १ कि.मि. हुनुपर्नेछ ।

(३) हाटबजार सकेसम्म उत्पादित वस्तुको संकलन र ढुवानीमा पाएक पर्ने स्थानमा हुनुपर्नेछ ।

**२४. भौतिक संरचना :**

(१) हाटबजार तोकिएको मापदण्डको अधिनमा रही निर्माण गर्नुपर्नेछ । हाटबजार परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाईने छैन ।

(२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलाम/सिमेन्टको पिल्लर र सि.जि.आई. छाना लगाउनुपर्नेछ ।

भेरीगंगा नगरपालिका, सुर्खेत

(३) हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनुपर्नेछ ।

(४) हाटबजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ ।

(५) हाटबजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विधुत तथा उज्यालोको लागि विजुली बत्तीको प्रबन्ध मिलाउनुपर्नेछ ।

(६) हाटबजार संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

**२५. फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण :**

(१) हाटबजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको ब्यबस्था समितिले गर्नुपर्नेछ ।

(२) हाटबजार संचालनका क्रममा निस्कने कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि १० स्टल बराबर ४० लि. क्षमता भएको ढक्कन सहितको अलग अलग बिनको व्यवस्था गर्नुपर्नेछ ।

(३) हाटबजार क्षेत्रभित्र होहल्ला र प्रदुषण (ध्वनी, वायु, माटो, जल आदी) गराउन पाईनेछैन । साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस्न वा राख्न पाईनेछैन ।

(४) हाटबजारमा पातलो प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेछ ।

**२६. वस्तु तथा सामग्रीहरुको व्यवस्थापन :**

(१) हाटबजारमा विक्री वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुँडा, ठेला प्रयोग गरी राखिने वस्तुहरु (फलफुल, खाजा, पक्वान आदी) छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकैलहरमा व्यवस्थापन गर्नुपर्नेछ । ठेला प्रयोग गरि राखिने वस्तुहरुका लागि समेत अनिवार्य रुपमा स्टल प्रयोग गर्नुपर्नेछ ।

(२) माछा मासु विक्री वितरणको लागि बजारको पछाडिको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नुपर्नेछ । यस प्रकारको उपज विक्रीका लागि पक्कि भुइ ढलान गरिएको, सफा गर्न पानीको प्रबन्ध सहित निकासको व्यवस्था भएको हुनुपर्नेछ ।

(३) विक्री वितरणको लागि राखिने कृषि बीउविजन विरुवाको हकमा नेपाल सरकारेल पञ्जीकृत गरेको हुनुपर्नेछ ।





स्पष्टीकरण : माछा मासु लगायत पकाएका सामग्रीहरु बजारमा राख्न निरुत्साहित गरिनेछ । बजार क्षेत्र भित्र मदिरा, सुर्तिजन्य पदार्थ अखाद्य वस्तुको प्रयोग, विषादी, विक्री वितरण तथा सेवनमा पूर्णरुपमा निषेध गर्नुपर्नेछ ।

**२७. विक्री बस्तु तथा सामग्रीको अनुपात :**

(१) हाटबजारको स्टल अनुपात कृषिजन्य र स्थानिय उत्पादन ८० प्रतिशत तथा अन्य तयारी सामग्रीको अनुपात २० प्रतिशतको हुनुपर्नेछ ।

(२) उत्पादकद्वारा नै विक्री गर्ने कृषि उपज लगायतका जैबिक उपज रअन्य सामग्रीलाई विशेष प्राथमिकता दिनुपर्नेछ । कुल स्टल संख्याको कम्तिमा १० प्रतिशत स्टल यस्ता उत्पादकहरुका लागि आरक्षित गर्नुपर्नेछ ।

(३) हाटबजारमा असल अभ्यास वा आई.पि.एम.वा प्रांगारिक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम १ वटा स्टल निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

**२८.समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाह :**

(१) हाटबजार प्रवेशको स्थानमा हाटबजारको नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्बर प्रष्ट देखिने गरि राख्नुपर्नेछ ।

(२) हाटबजार स्थलमा समितिको कार्यालय कक्ष र हाटबजार संचालन सम्बन्धी सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नुपर्नेछ ।

(३) हाटबजार संचालन हुने प्रत्येक दिन हाटबजारमा बिक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम् र न्यूनतम मूल्य खुलाई मूल्य सूची सूचना पार्टीमा राख्नुपर्नेछ ।

परिच्छेद ५

## कर तथा शूल्क सम्बन्धी व्यवस्था

**२९. इजाजतपत्र दर्ता तथा नविकरण शुल्कः**

(१) बजार संचालन इजाजत पत्र दर्ता गर्दा रु ३,०००/- (तीन हजार) मात्र र नविकरण शुल्क १,५००/- (एक हजार पाँच सय) मात्र लाग्नेछ । हरेक १ बर्षमा नविकरण गर्नुपर्नेछ । म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण नगरेमा रु. २,०००/- नविकरण शुल्क लाग्नेछ । म्याद समाप्त भएको मितिले ३० दिन पछि १ बर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क बापत रु. २,०००/- (दुई हजार) र जरिवाना वापत रु. ५००/- (पाँच सय) लाग्नेछ । म्याद समाप्त भएको १ बर्ष पछि प्रति बर्ष रु. १,०००/- जरिवाना लाग्नेछ ।

**३०. बहाल बिटौरी शुल्क :**

(१) निजी जग्गा भाडामा लिई संचालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिएबमोजिम बहाल बिटौरी कर समितिले मासिक रुपमा नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

**३१. स्टल बहाल प्रक्रिया :**

(१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामग्री, विक्रीकर्ता (उत्पादक स्वयं वा व्यापारी) आदिको आधारमा भाडादर निर्धारण गर्न सक्नेछ। यसरी स्टल भाडामा लगाउदा समितिले प्रत्येक विक्रीकर्तासँग अलग अलग सम्झौता गर्नुपर्नेछ ।

स्पष्टिकरण : बहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने गरि मुल्य निर्धारण गर्नुपर्नेछ ।

**३२. बहाल कर :**

(१) सम्झौताबमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर मासिक रुपमा समितिले नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

परिच्छेद-६

**विविध**

**३३.बजार अनुगमन :**

(१) नगरपालिकामा हाटबजार अनुगमन तथा नियमनको कार्य गर्न नगर प्रमुख, उपप्रमुख, नगरपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख र अनुगमन कार्य सहजताको लागि आवश्यकता अनुसार अन्य जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्नसक्नेछ ।

**३४. हाल संचालनमा रहेका हाटबजार सम्बन्धमा :**

(१) अनुमति प्रक्रिया बाहिर रहेका र हाल संचालनमा आइरहेका सबै हाटबजारहरुले निर्देशिका लागु भएको ६ महिनाभित्र मापदण्ड पुरा गरी अनुमती लिईसक्नु पर्नेछ। ६ महिनाको समय अपुग भई समितिबाट अनुरोध भई आएमा नगरपालिकोल एक पटक मात्रको लागि बढीमा ३ महिनाको अवधि थप गर्न सक्नेछ ।

(२) सो अवधिभित्र तोकिएको मापदण्ड पुरा गरी अनुमती प्रक्रियामा नआएका हाटबजार संचालन गर्न  नगरपालिकाले रोक लगाउन सक्नेछ ।





**३५. बजार खारेजी :**

हाटबजार नचल्ने अवस्था वा चरम समस्या आएमा नगरपालिकाले हाटबजार संचालक समितिको नाममा रहेको सम्पत्ति र दायित्व फरफराक गरी हाटबजार संचालन खारेजी गर्न सक्नेछ ।

**३६. बाधा अड्काउ फुकाउ :**

यस निर्देशिका कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा नगरपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

**हाटबजार स्थल.......................................................................को व्यवस्थापन तथा संचालनका लागि ..................................... हाटबजार व्यस्थापन समिति र भेरीगंगा नगरपालिका वीच भएको "संभ्फौता-पत्र"**

**प्रस्तावना :** खुल्ला तथा बजारमुखी अर्थतन्त्र र मूलुकमा कृषि पेशाको संलग्नताबाट हुने आय बढाउँन तथा ब्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखि मूलुकका विभिन्न महत्वपूर्ण क्षेत्रमा तरकारी, फलफूल, तेलहन, दलहन, मसला वाली, माछा, मासु, जस्ता वस्तुको बजार संरचनामा सुधार गर्ने प्रयास भएको छ । यस्ता बजार संचालन तथा व्यवस्थापन स्थानीय सरकारर जनताको सहभागिताबाट मात्र गर्न सकेमा खुल्ला तथा बजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ । यस प्रकृयामा स्थानीय सरकारको अहम् भूमिका रहन्छ । यसलाई मद्दत पुऱ्याउन भेरीगंगा नगरपालिका तथा यसै साथ संलग्न "हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२" बमोजिम गठित ................ हाटबजार संचालन तथा व्यबस्थापन समिति वीच यो सम्झौता गरिएको छ । यो सम्झौता( पत्रमा उल्लेखित तपसिलका सवै बुँदाहरु तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिनेछ ।

**शर्तनामाहरुः**

१. "हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२" अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ ।

२. समितिको गठन तथा कार्यान्वयन : (१) निर्देशिकावमोजिम मिति .................. गते गठित तपसिल अनुसारको ......................................... हाटबजार संचालन तथा ब्यस्थापन समितिका सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदलबदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिनेछ ।







**हाटबजार सन्चालक समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली :**

| क्र.सं. | पद | नाम | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

३. भौतिक संरचना : समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृती नगरपालिकाबाट लिनुपर्नेछ ।

४. समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण : समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामग्री, कागजात तथा कार्यजिम्मेवारी १५ दिनभित्र हस्तान्तरण गर्नुपर्नेछ र सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

५. सम्झौता भंग गरी उपयोग गर्ने नगरपालिकाको विशेष अधिकार हुने : यो सम्झौतामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानीनोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको संचालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि बजारको व्यवस्थापन र संचालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा नगरपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिई नगरपालिकाले आफैले सन्चालन गर्ने वा छुट्टै तरिकाको सन्चालन तथा प्रयोगको व्यवस्था मिलाउन सक्नेछ ।

६. समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसुची २ मा, समितिले प्रयोग गर्ने लेटरप्याड्को नमूना अनुसूची ३ मा, समितिले प्रयोग गर्ने साइनवोर्डको नमूना अनुसूची ४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पत्ति/सामग्रीहरुको विवरण अनुसूची ५ वमोजिम हुनेछ ।

**हस्ताक्षर कर्ता :**

| हाटबजार संचालक समितिको तर्फबाट : | नगरपालिकाको तर्फबाट : |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पदः | पद : |

| **साक्षीः** | **साक्षीः** |
|---|---|
| **समितिको तर्फबाट** | **नगरपालिकाको तर्फबाट** |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |

सम्झौता सम्पन्न मिति : २०......।..........।...........। रोज..........शुभम् ।





अनुसूची-२

**समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना**

समितिले प्रयोग गर्ने लोगो र छाप समितिले तोकेबमोजिम हुनेछ ।

अनुसूची-३

**समितिले प्रयोग गर्ने लेटरप्याडको नमूना**

....... **हाटबजार संचालक समिति**

भेरीगंगा नगरपालिका, वडा नं. ......... सुर्खेत

फोन नं.:

इमेल :

.............................................................................................................

प.सं. मिति :

च.नं.

**विषय :**

अनुसूची-४

**समितिले प्रयोग गर्ने साईनबोर्डको नमूना**

श्री ......................................... हाटबजार संचालक समितिद्वारा संचालित कृषि उपज संकलन केन्द्र तथा हाटबजार स्थल .......................................

**(Agriculture Collection Center And Haat Market…………….)**

(भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृती प्राप्त)

अनुसूची-५

**भौतिक सम्पत्ति/सामग्री**

**श्री ..................................... हाटबजार संचालक समितिले प्रयोग गर्ने**

**भौतिक सम्पत्ति/सामग्रीहरुको विवरण**

| क्र.सं. | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |







अनुसूची-६

**इजाजत दर्ता प्रमाणपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मितिः.......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भेरीगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, छिन्चु, सुर्खेत ।

**विषयः हाटबजार संचालन इजाजत पत्र सम्बन्धमा ।**

प्रस्तुत विषयमा भेरीगंगा नगरपालिका वडा नं..............को .......................... स्थानमा श्री............................................हाटबजार संचालक समितिद्वारा हाटबजार संचालन गर्नका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजतपत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

**संलग्न कागजातहरु**

१. संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
   क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   ख. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
   ग. संस्थाको विधान वा संस्था संचालन कार्यविधिको प्रतिलिपि
   घ. संस्थाको निर्णयको प्रतिलिपि
   ङ. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
   च. करचुक्ता वा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई संचालन गर्ने भए करार सम्झौताको प्रतिलिपि
३. सँधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
५. पुर्वाधारहरुको बिवरण

**निवेदक**

हस्ताक्षर :
नाम, थर :
पद :
ठेगाना :
सर्म्पक नं.:
संस्थाको छाप :

अनुसूची-७

**इजाजतपत्र नविकरणको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मिति : ...........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत ।

**विषयः इजाजत दर्ता प्रमाणपत्र नविकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा भेरीगंगा नगरपालिका वडा नं. ............................................ मा मिति ................ गते यस श्री.....................................हाटबजार संचालक समिति दर्ता भई हाट बजार संचालन गर्दै आएको हुँदा हाटबजार संचालन निरन्तरताको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाणपत्र नविकरण गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

**संलग्न कागजातहरु**

१. संचालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
   क. संस्थाको निर्णयको प्रतिलिपि
   ख. करचुक्ता तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
   ग. टोल विकास संस्था वा वडा कार्यालयको सिफारिस पत्र

**निवेदक**
नाम, थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सर्म्पक नं.:
संस्थाको छाप :







अनुसूची-८

**हाटबजारको भौतिक संरचना एवं विन्यास (Layout) को नमूना**

मूख्य सडक, शौचालय, खानेपानी, सवारी पार्किङ, खुला स्थान, समितिको भवन, हाटबजार,सूचना बोर्ड,स्टल, फराकिलो बाटो ।

अनुसूची-९

**हाटबजार संचालन इजाजत प्रमाणपत्रको ढाँचा (अगाडी)**

**भेरीगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय छिन्चु, सुर्खेत ।**

साविक दर्ता नं. : दर्ता मितिः
दर्ता संस्था : बजार दर्ता नं. :
जारी मिति :
श्री........................................... .......................................

**विषयः हाटबजार संचालन इजाजत पत्र प्रदान गरिएको ।**

तपाई श्री..................................... हाटबजार संचालक समितिले भेरीगंगा नगरपालिका वडा नं. ....... को ...................... टोलमा संचालन हुने ....................... हाटबजार संचालन गर्न इजाजत पत्र दर्ता/नविकरणको लागि मिति.............. मा यस कार्यालयमा दिनुभएको निवेदन अनुसार नगरपालिकाको हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजतपत्र प्रदान गरिएको छ । आफ्नो कारोबारको मासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक १ बर्षमा अनिवार्य नविकरण गराउनु हुन समेत जानकारी गरिन्छ ।

| | |
|---|---|
| ......................... | ................................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

संचालक समितिको नाम :
ठेगाना :
अध्यक्ष वा प्रोपाईटर :
नागरिकता नं. :
ठेगाना :
फोन नं.

अनुसूची-१०

## हाटबजार संचालन इजाजत प्रमाणपत्रको ढाँचा (पछाडी)

**नविकरण सम्बन्धी विवरणः**

हाटबजारको नामः ........................................................................

ठेगानाः ........................................

संचालक समितिको नामः ..................................

| नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क | रसिद नं. | नविकरण गर्नेको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,

**मानबहादुर ठाडा**

प्रमुख प्रशासकीय अधिकृत



हाटबजार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८२

भेरीगंगा नगरपालिका, सुर्खेत